# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक ३१, २०७८ फागुन ३ मंगलवार (Jhuleni Post Weekly) 15 Feb. 2022 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


## सुगमता तर्फ उन्मुख खैरा गाउँ



प्यूठान नगरपालिलका १ स्थित खैरा-दाखाक्वाडि जोड्ने झिमरुक नदिमा निर्माणाधिन पक्की पुल ।

**एलबी थापा**
**झुलेनी पोष्ट, प्यूठान**

प्यूठान नगर भित्रको सुन्दर गाउँ खैरा जोड्न झिमरुक नदिमा पक्की पुल निर्माण भइरहेको छ । स्थानीयको वर्षौंको मागपछि सडक डिभिजन कार्यालय प्यूठान मार्फत पुल निर्माणको काम अगाडि बढेको हो । पुलले खैरा गाउँलाई जिल्लाको मुख्य सहायक राजमार्ग भालुबाङ-प्यूठान सडक सँग जोड्नुका साथै गाउँमा समृद्धि ल्याउने स्थानीयले आसा गरेका छन् । झिमरुक नदिमा पक्की पुल निर्माण हुन थालेपछि स्थानीय निकै हौसीएका छन् । 'पुल नहुँदा खैराबासी निकै समस्यामा छौं', स्थानीय महिला नेत्री पार्वता आचार्यले भनिन्, 'पुलले खैरा गाउँलाई सुगमतातिर उन्मुख गराउने छ ।' जिल्लाको मुख्य व्यापारी केन्द्र बिजुवारको नजिकैको गाउँ भएर पनि झिमरुक नदि पारी परेकाले खैरा सधै पछाडी परीरहेको स्थानीयको गुनासो थियो । स्थानीय हिउँदको समयमा बुटवल पावर कम्पनीलले ड्याम बनाउदा निर्माण गरेको कचवयबाट गाडि वार/पार गर्ने गर्छन । बर्खाको ठूलो भेलमा महिनौ

बाँकी ४ पेजमा.....

## प्रधान न्यायाधीष बिरुद्ध महाअभियोग

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा विरुद्ध संसदमा महाअभियोग प्रस्ताव दर्ता भएको छ । सत्तारुढ पाँचदलीय गठबन्धनका सांसदहरुले आज बिहान ११ बजे संसद सचिवालयमा महाअभियोग प्रस्ताव दर्ता गरेका हुन् । माओवादी केन्द्रका प्रमुख सचेतक देव गुरुङ, नेपाली कांग्रेस सचेतक पुष्प भुसाल र नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक जीवनराम श्रेष्ठ प्रस्तावक रहेको महाअभियोग प्रस्तावमा कानुनमन्त्री दिलेन्द्रप्रसाद बडू सहित ९८ जना सांसदले हस्ताक्षर गरेका छन् । महाअभियोग लगाउनुका आधार र कारण भनेर २१ वटा बुँदा समेत समावेश गरिएको छ । संसद् सचिवालयमा महाअभियोग दर्ता भएसँगै प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा निलम्बित भएका छन् । संविधानको धारा १०१ (६) अनुसार, महाअभियोगको प्रस्ताव टुंगो नलागेसम्म कुनै कामकार्बाही गर्न पाउने व्यवस्था छैन । यसैबिच जबरा स्वतः निलम्बनमा परेपछि सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश दीपककुमार कार्की कायम मुकायम प्रधानन्यायाधीश बन्ने बनेका छन् ।

### जीवनको रङ्ग

## चाट बेचेर चिटिक्क दम्पती

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट, प्यूठान**




प्यूठान न.पा.-४, विजुवार मित्रमणी चोक नजिकै श्रेष्ठ दम्पतीको चाट पसल ।

चाट पसलमा थोरै लगानी, सानो ब्यापार भनेर खासै कमाई हुदैन भन्ने छ । ठेला तथा सानो खोकामा गर्न सकिने यो पेशा गर्न धेरैले रुचाउँदैनन् । चाट बेचेरै मनग्य आम्दानी लिइरहेको एउटा जोडिको कथा उदाहरणीय छ । चाट बेचेरै यहाँका दम्पती चिटिक्क छन् । उनीहरुको ब्यापार अरुको भन्दा कम छैन । २० हजारको ठेला सहित करिब ६० हजारको लगानीमा सुरु गरेको चाट व्यापारबाट उनीहरुले महिनामै लाखौं कमाउँछन् । प्यूठान नगरपालिका ४, विजुवार मित्रमणी चोकमा उमेश र कविताको चाट पसल छ । यहि पसलबाट श्रेष्ठ दम्पतीले रहरलाग्दो कमाइ गरीरहेका छन् । बिहान झिसमिसे देखि बेलुका साँझ पर्दासम्म यहाँ चाट, जेरि, पानीपुरी र चटपट खानेहरुको भिड हुन्छ । राती घरमा सामान तयार पार्ने र बिहानैदेखि ठेला लगाउने उनीहरुको दैनिकी हो । सानै उमेरमा ११ वर्षको हुँदा रोजगारीका लागि भारत पुगेका उमेश १९ वर्ष भारतमै बिताएका हुन्। कामका लागि भारत जाने आउने गरेका उनको कमाइबाट बचत गर्न सकेका थिएनन्। 'गाउँमै व्यवसाय गर्ने सोच बनाएपनि लगानी गर्ने पैसा थिएन', उनले भने, 'धेरै थोक सोच्दा थोरै लगानीमा हुने चाट पसल खोलेको हुँ ।' 'थोरै लगानीमै सुरु गरेको व्यापारबाट राम्रै आम्दानी हुन थाल्यो', उनले भने । अमिलो, पिरो र चुकिलो खानेकुरा धेरैले रुचाउने भएकाले आफू यो

बाँकी ४ पेजमा.....

### हाम्रो नजर

## खुल्यो नौबहिनीको ढोका




नौबहिनी गाउँपालिका ६, लाखाचौरदेखि खवाङ जोड्ने पक्कि पुल ।

*प्यूठानको नौबहिनी गाउँपालिकाको बाहाने बजारदेखि माथिल्लो क्षेत्रलाई दुर्गम क्षेत्रका रुपमा चिन्ने गरीन्छ । साबिकका स्याउलीवाङ, लिघा, डामृ, खवाङ गाविस सहित समेटेर बनेको नौबहिनीमा यी क्षेत्र भौगोलिक रुपमा बिकट मानिन्छन् । यहाँ आदिवासी जनजातीहरुको बाहुल्यता रहेको छ । यो क्षेत्रमा कोदो, फापर, जौं, वर्षे आलु लगायतका खाद्यान्न प्रयाप्त मात्रामा उत्पादन हुने भएपनि यातायात असुविधाका कारण बजार पाउन सकेको थिएन ।*

*बाहाने बजारदेखि केहिँ पर लाखाचौर नजिक झिमरुक खोलामा पुल नहुँदा यो क्षेत्रका स्थानीयलाई आउजाउ गर्न कठिनाई थियो । यो खोलामा पक्कि पुल निर्माण हुँदा नौबहिनीको ढोका खुलेको उनीहरुले महसुस गरेका छन् । ग्रामीण क्षेत्र पुग्नका लागि गाउँ गाउँमा सडक निर्माण भएपनि यहाँको खोलामा पुल नहुँदा स्थानीय वर्षायाममा सास्ति थियो । पुल निर्माणले यो क्षेत्रको उत्पादन यातायातका साधनबाट बजार पुऱ्याउन सहजै पहुँच पुगेको छ भने खवाङ र स्याउलीवाङ क्षेत्रका स्थानीयलाई प्रत्यक्ष लाभ हुनेछ ।*

*वर्षा याममा पुल नहुँदा बजारबाट खरीद खाद्यान्य लगायतका दैनिक उपभोग्य सामग्रि बोकेर खोला पारी पुऱ्याउनुपर्ने समस्याले महँगो पर्ने गरेको थियो । यहाँ पुल निर्माण भएपछि लुङ, लिवाङ, तुषारा, पुजाका स्थानीयलाई पनि सहज भएको छ ।*

## जथाभावी फोहोर विसर्जन




नौबहिनी गा.पा.-६, बाहाने बजार नजिकै लुङ जोड्ने पुल नजिकै गरिएको फोहोर बिर्जन

*यो ठाउँ नौबहिनी गाउँपालिका-६, स्थित बाहाने बजार नजिकको हो । यो बाटो हुँदै दैनिक नियमित रुपमा लुङ, तुषारा, लिवाङका स्थानीय ओहोरदोहोर गर्दछन्। स्थानीयवासी पनि कामका लागि आउजाउ गरीरहन्छन् । तर यहाँ बजारका स्थानीयले जथाभावी फोहोर बिसर्जन गर्दा फोहोरको डङ्गुर बढेको छ । यहाँबाट फोहोर सिधै खोलामा बगाएको देख्न सकिन्छ । कुहिएको फोहोर गन्हाएर, पुल ढिका जान नसक्नेहरुले यत्तिकै पुल माथी फोहोर फाल्दा दुर्गन्ध बढेको छ । घरायसी सरसफाई गरी निस्किएको फोहोर र कुँढो जथाभावी फाल्दा वातावरणीय सरसफाइमा स्थानीय अनुदार भएका छन्। घरको सरसफाई चिटिक्क पार्न सक्ने स्थानीयले घर नजिकैको वातावरणमा भने ध्यान दिएको देखिदैन । त्यहिँ नकिजैबाट स्थानीयले पिउनका लागि खानेपानी लैजान्छन् ।*

*तर फोहोर व्यवस्थापनमा उनीहरुको लापरवाही देखिएको छ । कुहिएको फोहोर र बाल बच्चाका दिसा र सेनिटरी प्याड यत्रतत्र छरिएको अवस्थामा फ्याँकिएको छ । स्थानीय आफैले फोहोर व्यस्थापन गर्नुपर्ने भएपनि उनीहरुले यो काम गाउँपालिकाको भएको जवाफ फकाउँछन् । स्थानीयले फोहोर गर्ने गाउँपालिकाको उठाउने काम होर भन्ने प्रश्न तेर्सिन्छ । स्थानीय र गाउँपालिकाले जे भनेपनि गाउँ घर नजिकैको फोहोर बिस्थापन गर्ने कार्य दुबैको जिम्मेवारीमा पर्छ ।*

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

झुलेनी पोष्ट
सम्पादकीय....

## एससीसीको बहानामा देशलाई बन्दि बनाउन हुँदैन

*बहुचर्चित अमेरिकी सहयोग परियोजना एमसीसी पारित गराउने आश्वासन सहित माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' एमसीसी मुख्यालयलाई लेखेको पत्र खुलासा भएपछि नेपालको राजनीति निकै तरंगित भएको छ । बाहिर माओबादी पार्टीले सार्वजनिक रूपमा एमसीसीलाई यथास्थितिमा पास गर्न सकिन्न भन्दै आइरहेको बेला प्रचण्डले पारित गर्ने आश्वासन दिएर लेखेको त्यो पत्रले उनको दोहोरो चरित्रलाई उजागर भएको छ। उनीसँगै पत्र लेख्ने प्रधानमन्त्री शेरबहादुर देउवा र उनको पार्टी कांग्रेस सुरुदेखि नै एमसीसीको पक्षमा खुलेको थियो । तसर्थ देउवाको पत्र अनपेक्षित मान्न सकिदैन । आफ्नो पार्टी नीति र राजनीतिक झुकावका आधारमा एमसीसीको विरोध वा समर्थन गर्नु एउटा कुरा हो, तर त्यसबारे भित्र एउटा र बाहिर अर्को बोली-व्यवहार भने आपत्तिजनक छ। यस्तो व्यवहारले नेता र पार्टीलाई झनै अविश्वसनीय बनाउँछ, मुलुकमा पनि संकट निम्त्याउँछ। खास गरी माओबादी नेता प्रचण्डको यस्तो व्यवहार नेपाली राजनीतिमा सधै अस्थिरता निम्त्याइरहेको छ।*

*झण्डै तीन वर्षदेखि एमसीसी र नेपाली राजनीतिको गलपासो बनेको छ ।  यस बिचमा सरकारको नेतृत्व गर्ने पार्टी र व्यक्ति बदलिए। सानोतिनो राजनीतिक उथलपुथल नै भयो । तर अनिर्णयको अवस्था र हाम्रो राजनीतिको हालत भने बदलिएन। अमेरिकाले कान निमोठ्न थालेपछि चर्को राजनीतिक मूल्यमा निर्णय गर्नुपर्ने बाध्यात्मक अवस्थामा प्रधानमन्त्री शेरबहादुर देउवा आइपुगेका छन् । सत्ता गठबन्धन अन्य पार्टी एमसीसीको बिरोध गरिहेका छन् । यसले सत्ता गठबन्धनमा समेत असर पार्ने सक्छ । अमेरिकी मन्त्रीले औंलो ठड्याएर भनेका छन् नेपालले यसलाई अस्वीकार गर्ने वा स्विकार गर्ने चाडो छिनोफानो गर्नु पर्छ । तर नेपाल अमेरिकासँगको सम्बन्धलाई पन्छाउन सक्ने अवस्थामा छैन । त्यो बाटो उचित पनि होइन  नेपालका राजनीति दलहरुका लागि उचित पनि हुन सक्दैन ।*

*नेपालको ऊर्जा क्षेत्र र सडक यातायात सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने उद्देश्य राखेको यो परियोजनालाई नेपालको परराष्ट्र नीति र सम्बन्धप्रतिकूल बनाउन हुदैन। कुनै पनि विदेशी सहयोग चाहे त्यो चीन, भारत, युरोप वा अमेरिका जहाँबाट आओस्, निःस्वार्थ हुँदैन। यस्तो सहयोग प्राकृतिक विपत्तिका बेला पाइने मानवीय सहयोग जस्तो पनि होइन। कि त हामीले विदेशी सहयोग नै लिन्नौं भन्न सक्नुपर्‍यो, अन्यथा यसका कतिपय सर्त, जुन हाम्रो नीति र प्रतिकूल हुँदैनन्, स्वीकार गर्नुपर्‍यो। चीन वा भारतले के भन्छन् भनेर एमसीसी माथि तर्क-वितर्क गर्नु ठीक होइन। कांग्रेसले गर्ने सबै कुरा भारत र अमेरिकामुखी हुने अनि कम्युनिस्टका चीनमुखी भनेर जनतामा जुन छाप हालिएको छ, त्यो अन्ततः देशकै लागि घातक सिद्ध हुँदो छ। एमसीसी विवाद त्यसको सबैभन्दा चर्को रूप हो ।*

# आगामी निर्वाचन र हाम्रो भूमिका

संविधानतः लोकतन्त्र र समाजवाद उन्मुख राज्य भनिएता पनि सो तर्फ केही नगरी उक्त नारालाई मजाकमा उडाउने कार्यलाई निरन्तरता दिने काम मात्र भएको छ ।



**श्रीजना सुवेदी**

आवधिक निर्वाचन लोकतन्त्रको खम्बा मानिन्छ । समयमा निर्वाचन भएन भने निरंकुशताले पश्रय पाउँछ । निर्वाचन जनताले नयाँ जनमत प्रदान गर्ने माध्यम हो। तर निर्वाचन निष्पक्ष र कम खर्चिलो हुनु पर्दछ। निर्वाचनमा पैसा खर्च गरेर चुनाव जित्ने प्रवृत्तिले निर्वाचित प्रतिनिधिहरुको योग्यता माथि प्रश्न उठ्ने गरेको छ । यो चिन्ताको विषय पनि हो। नेपालमा लोकतन्त्र स्थापनाको लागि नेपाली जनताले पटक पटक आन्दोलन,  सशस्त्र बिद्रोह र आफ्नो ज्यान समेत बलिदान गरे। संघर्षको दौरानमा हजारौंको सिउँदो पुछियो, हजारौको काख रित्तियो, हजारौ टुहुरा भए । जसको बलमा सत्ता एवं व्यवस्था फेरियो, तर नेपाली जनताको अवस्था फेरिएन । लोकतन्त्रको बत्ति बल्यो तर बिपन्न जनताको घरमा चुल्हो बोलेन। सामन्ती व्यवस्था ढल्यो तर व्यवहारमा सामन्ती सोंच र व्यवहार हटेन ।

पटक पटकको जनताको बलिदानबाट संघिय गणतन्त्र त आयो। संविधानमा विभिन्न मौलिक हकहरु लेखिए, तर व्यवहारिक रुपमा जनताले अभिव्यक्ति स्वतन्त्रता बाहेक उल्लेख्य केही पाएनन् । बरु अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रणहीन र सीमा बिहिन बनाईयो । कानूनको शासनको सट्टा अराजकतालाई पश्रय दिइयो। संविधान सभाबाट नेपालको संविधान निर्माण भयो । जसमा लोकतन्त्र, मानव अधिकार एवं सम्मान पूर्वक बाँच्न पाउने हक, समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, शिक्षा सम्बन्धी हक, रोजगारीको हक, स्वास्थ्य सम्वन्धी हक, खाद्य सम्वन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक, स्वच्छ वातावरणको जस्ता मौलिक हकहरुको व्यवस्था गरियो । संविधानमा खाद्य सम्बन्धी हक अन्तर्गत 'प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ र कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ' भन्ने तथा आवासको हक अन्तर्गत ' प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ' भन्ने जस्ता व्यवस्था लेखियो ।

तर व्यवहारिक रुपमा गरिब जनताका लागि खाना, नाना र छाना जस्ता आधारभूत आवश्यकताहरु समेत अझै पुरा भएनन् । संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन र नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरिएको भएतापनि बिपन्न नागरिकहरुलाई बिरामी पर्दा जीवनजल र सिटामोलको समेत अभाव अझै हटेन । संविधानतः लोकतन्त्र र समाजवाद उन्मुख राज्य भनिएता पनि सो तर्फ केही नगरी उक्त नारालाई मजाकमा उडाउने कार्यलाई निरन्तरता दिने काम मात्र भएको छ। आखिरी ठूला राजनीतिक दलहरु कसरी सत्तामा जाने, कसरी सत्ता टिकाई राख्ने, कसरी आफ्नो उत्तराधिकारी समेतलाई पुग्नेगरी अकूत सम्पत्ति कमाउने, कसरी अर्को पार्टीको सत्ता पल्टाउने जस्ता कुरामा मात्र सीमित रहेको पाइयो ।

भ्रष्टाचारलाई शुन्य सहनशीलताको नीति अपनाउने भन्ने गरेको भएतापनि सरकार चलाउनेहरुले नै ठूला-ठूला भ्रष्टाचारका काण्डहरु गर्ने गरेका छन् । ती काण्डहरुको पारदर्शी र यथार्थ छानबिन समेत गरिएको छैन। पटक-पटक कानूनलाई मिची कानूनको शासनको खिल्ली उडाउने काम भैरहेको छ। बेतिथी र अन्यायले पश्रय पाएको छ । सरकारी सम्पत्तिको अतिक्रमण र दुरुपयोग रोकएिको छैन । लाग्दछ, नेपालमा असक्षम नेताको हातमा सरकार रही देश 'दिशा हराएको जहाछ' जस्तो बनिरहेको छ। यस्तो स्थिति आउनुमा हामी जनताको पनि केही मात्रामा दोष रहेको छ। हामी चुनावमा झुट्टा आश्वासन र प्रलोभनमा परी चुनाव जित्ने दल भनी ठूला दललाई भोट दिन्छौ, जुन दलहरुले हामीहरुलाई बारम्बार ठगी रहेका छन् । हामी राम्रो भिजन भएका व्यक्तिलाई हेर्दैनौ । हामीले आ-आफ्नो जिम्मेवारी समेत बिर्सेका छौ । निर्वाचनलाई निष्पक्ष बनाई सक्षम नेतृत्व चयन गर्नका लागि आगामी चुनाबमा हामी सबैले आ(आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्न सक्नुपर्दछ । देशको समग्र विकास र समृद्धीको लागि असल र भिजन भएको नेतृत्व चयन गरी असफल राष्ट्र बन्नबाट जोगाउनु हामी सबैको कर्तव्य हो ।

**सरकारको भूमिका** :

सरकारले देश र जनताको टाउकोमा धरै ऋण नथुपार्ने गरी संविधान र कानूनले तोकेको समय सीमा भित्र कम खर्चमा निष्पक्ष रुपमा निर्वाचन गराउनु पर्दछ। निर्वाचनमा गरिने खर्च पारदर्शी हुनु पर्दछ । जनताले भय रहित तवरले आफ्नो मतको प्रयोग गर्न पाउनु पर्दछ ।

**निर्वाचन आयोगको भूमिका** :

निर्वाचनमा निर्वाचन सम्वन्धी ऐन, कानून, आचारसंहिताको पूर्ण रुपमा पालना गरिनु पर्दछ। निर्वाचन आचारसंहिता पालना नगर्ने दललाई कारवाही गरिनु पर्दछ। कुनै पनि दल प्रति झुकाव नराखी निष्पक्ष रुपमा चुनाव गराई नतिजा घोषणा गर्नु पर्दछ।

**नागरिक समाजको भूमिका** :

सरकार, निर्वाचन आयोग र राजनीतिक दलको गतिविधिको मूल्यांकन गर्नु पर्दछ । निर्वाचनमा गरिने खर्च पारदर्शी भयो भएन भनी निगरानी राख्नु पर्दछ

**आम सञ्चार माध्यमको भूमिका** :

सरकारको चौथो अंग मानिने सञ्चार जगतले आफ्नो जिम्मेवारी बिर्सनुहुँदैन । निर्वाचनमा कुनै दल प्रति झुकाव नराखी निष्पक्ष रुपमा सत्य तथ्य तथा यथार्थ परक समाचारको सम्प्रेषण, प्रसारण र प्रकाशन गर्नु पर्दछ । पीतः पत्रकारीतालाई कुनै पनि हालतमा स्थान दिनु हुँदैन ।

**जनताको भूमिका** :

नेपालको संविधानले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा दिएको छ । कस्तो दल एवं नेतालाई सत्तामा पठाउने भन्ने कुरा जनतामा निर्भर रहन्छ । नेपाली जनताको भाग्यका विधाता जनता आफैनै हुन । नेपाली जनताले निर्वाचनमा मत दिँदा नेपालको सम्वृद्धि र बिकासलाई बिर्सनु हुँदैन । गरिव जनताका पिडा बिर्सनु हुँदैन। बालबालिका, महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र बिपन्न व्यक्तिहरुको समस्या बिर्सनु हुँदैन। ती बिपन्न परिवार जसले हाल सम्म पनि गास, बाँस र कपास जस्ता आधारभूत समस्याहरु बाट पिल्सिरहेका छन्, जसले बिरामी पर्दा औषधी उपचार पाउन सकेका छैनन्, जसले जाडोमा चिसोबाट कठ्याङ्ग्रिएर मृत्यूबरण गर्नु परेको छ, ती व्यक्तिको पिडा बिर्सनु हुँदैन ।

जुन राजनीतिक दलले जनताको पीडा बुझ्दछ, जुन दलमा देशको बिकास र सम्वृद्धिको मार्गचित्र एवं भिजन भएको राजनेता छ, त्यस्ता राजनीतिक दल र नेतालाई भोट दिनु पर्दछ। अव पनि इतिहाँसमा भ्रष्ट कहलाएका एवं लोकतन्त्र र कानूनको शासनलाई मज्जाक र खिल्लीमा उडाउने व्यक्तिलाई भोट दियौं भने इतिहाँसमा हामी अझै ठगिनेछौं । अव हामीलेजन बिरोधि, भ्रष्ट र कानूनको शासन लाई खिल्ली उडाउने दल एवं नेतालाई मतको माध्यमबाट कारवाही गर्नसक्नु पर्दछ। नत्र भनेनेपाल र नेपालीको हालत उस्तै हुनेछ, जुन आज छ। समयामा चेतना भया।

JHULENI
United Network Pvt.Ltd.
झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा सञ्चालित
www.jhulenipost.com

झुलेनी युनाइटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# राजनीतिक दलहरूमा देखिएको सैद्धान्तिक संकट



श्यामप्रसाद मैनाली

नेपालमा अस्तित्वमा रहेका राजनीतिक दलहरू लोकतन्त्रवादी, साम्यवादी, क्षेत्रीयवादी, राजावादी आदि रहेका छन् । सबै दलहरूले आआफ्ना दलका आदर्श र सिद्धान्तका आधारमा दलीय घोषणापत्र र विधान तयार पारेका छन् । तर, यी घोषणापत्र र दलका विधानअनुरूप दलीय राजनीतिलाई आत्मसात् गर्ने दलहरूको खडेरी पर्दै गएको छ । मतदाताहरूलाई कुन दल साम्यवादी, कुन दल लोकतन्त्रवादी हुन् ? र यी दलहरूका उद्देश्य'दयगत ठूलो अन्योल सिर्जना भएको छ । सिद्धान्तका आधारमा दलहरूलाई पहिचान गर्न नसकिने अवस्था छ । यो अवस्था सिर्जना हुनुका कारण के के हुन् ? दलीय व्यवहार कस्तो प्रकारले अघि बढेको छ ? यसै विषयमा केन्द्रित भएर यो आलेख तयार पार्ने प्रयास गरिएको छ । छलफलको प्रारम्भ देशका ठूला दलहरू सम्पन्न गरेका महाधिवेशनबाट गरौं ।

नेपालका साम्यवादी दलहरू प्रायः सबै लोकतन्त्रका कट्टर पक्षपाती भएको दाबी गरिराखेका छन् । नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी र लेनिनवादी (एमाले)ले आफ्नो महाधिवेशन ठूलो तामझामका साथ शक्ति प्रदर्शन गरेर सम्पन्न गरेको छ । महाधिवेशनमा ओलीको विकल्प'दयगत बहससम्म पनि गर्ने वातावरण तयार भएन । ठूलो द्वन्द्वबीच ओलीको प्रतिस्पर्धामा रावल खडा भए । दलका ठूला नेता माधव र झलनाथ दलबाट बाहिर पुगेपछि गरिएको महाधिवेशनले ओलीलाई नै निर्वाचित गर्ने निश्चित थियो । रावलले उम्मेदवारी दिएर लोकतान्त्रिक अभ्यासलाई आत्मसात् गराउने प्रयाससम्म गरेका हुन् । यथासमयमा दलको निर्वाचन गर्दा लोकतान्त्रिक अभ्यासमा निखार आउँछ । यस अर्थमा सबै ठूला दलहरूले महाधिवेशनमार्फत् यो अभ्यास गरेका छन् । यसलाई सकारात्मक रूपमा लिनुपर्छ । नेपालको सबैभन्दा पुरानो राजनीतिक दल नेपाली कांग्रेस लोकतन्त्र, समाजवाद र राष्ट्रियतामा विश्वास राख्छ । बीपीले आत्मसात् गरेको नेपाली कांग्रेसका यी मान्यता हालका दिनमा खोजी गर्नुपर्ने स्थिति छ । तुलनात्मक रूपमा क्रान्तिकारी दलको दाबी गर्दै रहेको नेकपा माओवादी केन्द्रले पनि आफ्नो महाधिवेशन सम्पन्न गरेको छ । यी तीनवटै ठूला दलहरूको महाधिवेशनले पुरानै नेतृत्वलाई निरन्तरता दिएको छ । महाधिवेशनको सञ्चालन र सम्पन्न गर्दा कुन हदसम्म लोकतान्त्रिक प्रक्रियाको अवलम्बन गरिएको थियो ? यो पक्ष विचारणीय छ ।

एमालेमा ओलीजीले चुनावी प्रतिस्पर्धा गर्नुपरेको अवस्थालाई सहजताका साथ दलभित्रका संस्थापन पक्षले लिएनन् । केन्द्रीय समिति र पदाधिकारी अध्यक्षको एकल निर्णयका आधारमा मनोनयन गरियो । माओवादी केन्द्रमा कमरेड प्रचण्डले निरन्तरता पाए । कसैले पनि उनको विकल्प दिनका लागि प्रतिस्पर्धामा सामेल हुने साहस गरेनन् । केन्द्रीय समितिको गठनसमेत प्रचण्डकै एकल निर्णयका आधारमा गरियो । यी दुई दलहरूका महाधिवेशनले कम्युनिस्ट पार्टीकै विशेषता केही हदसम्म अवलम्बन गरेको पाइयो किनकि साम्यवादी दलहरू गरिने निर्वाचन कर्मकाण्डी मात्र बन्छ। अध्यक्षको कमान्डमा दल र सरकार सञ्चालन हुन्छ । साम्यवादी देशहरूका अभ्यास र मालेमावादको अध्ययन गर्दा यही निष्कर्षमा पुग्न सकिन्छ. । राजनीतिक दलभित्र दलको सिद्धान्त, आदर्श र यसको दीर्घकालीन सोचका आधारमा दललाई कसरी निर्दिष्ट गन्तव्यतर्फ अग्रसर बनाइने हो ? यस'दयगत बृहत् छलफल र विश्लेषण हुनुपर्छ । यसबाट दलले प्राप्त गर्न चाहेको उपलब्धि र सोप्राप्त गर्नका लागि तैनाथ गरिने रणनीतिसमेत स्पष्ट हुनुपर्छ । जनताको समर्थन र विश्वास प्राप्त गरी दल सिद्धान्तका हिसाबले जीवन्त बन्छ । तर, देशका ठूला दलहरू नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र सबैमा यस प्रकारको बृहत् छलफल भएन । नेपालका राजनीतिक दलहरूमा सैद्धान्तिक संकटको अवस्था विद्यमान छ । कमरेड प्रचण्डले दलको दीर्घकालीन सोच र रणनीति'दयगत सामान्य छलफल दलभित्र गराएका थिए । तर, यसलाई तार्किक निष्कर्षमा पुऱ्याउन प्रचण्ड र उनको दल असफल रह्यो । विषयवस्तुलाई प्रस्तुत गरेर पूर्णरूपमा छलफलमा नल्याएकोमा कार्यकर्ताहरू र नेताहरू नै असन्तुष्ट रहे।

यस प्रकारले विषयवस्तुको उजागर मात्र भएकोमा ठूलो आलोचना दलभित्र भएको थियो । देव गुरुङले प्रस्तुत गरेको प्रतिप्रस्तावका सम्बन्धमा अन्य केही नेतासमेतको समर्थन रहेको थियो । तर, प्रचण्डले यसलाई महत्त्व दिन चाहेनन् । यस विषयमा पार्टी पंक्तिभित्र भएको कडा र जीवन्त आलोचना एवं विमतिबीच प्रचण्डले यसलाई सम्बोधन गर्न चाहेनन् । पार्टीका अध्यक्ष लगायतकाहरूमा विलासी जीवन देखिनु र माफिया तस्कर ठेकेदार हरूसँग प्रचण्डलगायतका नेताहरूको अवैध सम्बन्ध र संलग्नता'दयगत खुलेर विरोध भयो । तर, यसबाट प्रचण्ड नाजवाफ रहे तथापि महाधिवेशन सम्पन्न भई प्रचण्डले नेतृत्वमा निरन्तरता प्राप्त गरे । तीनवटै दलहरूमा समान विशेषता देखिए । सबैमा दलका पुरानो नेतृत्वलाई निरन्तरता दिने विषयमा एकरूपता देखियो। सबै दलका शीषस्थ नेतृत्वमा आफ्नो समूहलाई सबल बनाई त्यसैका आधारमा सत्तामा पुग्ने एकल सोचले काम गऱ्यो ।

समावेशीकरणको नीतिलाई व्यवहारमा लागू गर्ने विषयमा पनि गम्भीर भएको पाइएन । एमालेको नेतृत्व पंक्तिमा भएको पदाधिकारीहरूको मनोनयनले यस सन्दर्भलाई पारदर्शी बनाएको छ । नेपाली कांग्रेसभित्रको निर्वाचित पदाधिकारी र केन्द्रीय समितिमा समेत प्रायः यो अवस्था स्पष्ट देखियो । यद्यपि, नेपाली कांग्रेसले संरचनालाई समावेशी बनाउन आरक्षणको माध्यमबाट इमानदारितापूर्वक प्रयास गरेको थियो । खासगरी विभिन्न ' क्लस्टर'का आधारमा वर्गीकृत गरी हरेक क्लस्टरबाट सहमहामन्त्री निर्वाचित गरियो । यी 'क्लस्टर' निर्माणको आधार महिला, कमजोर वर्ग, जनजाति, दलित आदिलाई बनाउनेगरी पार्टीको केन्द्रीय संरचना तयार गरियो । आरक्षित समूहबाहेकका दलको केन्द्रीय पदाधिकारी प्रायः सबैमा यी वर्गहरू पराजय भएको स्थिति छ । सकारात्मक पाटोका रूपमा लिँदा यी तीनवटै दलहरूका युवाहरूलाई मतदाताहरूले स्वीकार गरेको देखियो । एमालेमा गोकर्ण विष्ट र योगेश भट्टराई सचिवमा र नेपाली कांग्रेसमा गगन थापा र विश्वप्रकाश शर्मा महामन्त्रीमा निर्वाचित भए । साथै अन्य केन्द्रीय तहका पदहरूमा समेत युवाहरू उपस्थिति सघन रूपमा देखिएको छ । यसलाई सकारात्मक रूपमा लिनुपर्छ । यस दिशामा दल अघि बढ्दै जाँदा आगामी दिनमा वृद्ध नेताहरूको मार्गदर्शनमा युवाहरूले दलको नेतृत्व लिई दलभित्र रूपान्तरण र पुस्तान्तरणको सम्भावना देखिँदै छ । युवा पुस्ताको क्रियाशीलता दलको नेतृत्वमा देखिँदै गर्दा केही आसा जगाउने काम भएको छ ।

महाधिवेशनमा एमालेका अध्यक्ष केपी ओलीको भगीरथ प्रयास लोकतान्त्रिक अभ्यासका आधारमा दलको नेतृत्वको चयन गर्ने पक्षमा देख्न सकिएन । फरक मत र प्रतिस्पर्धालाई अस्वीकार गर्दै नेतृत्वदायी पदहरू र सबै केन्द्रीय सदस्य सर्वसम्मत चयन गर्ने आशय प्रस्ट हुन आएको अवस्था देखियो । यो सोचलाई रावलले उम्मेदवारी दिएर परास्त गर्न सफल भए । सचिवालयका पदाधिकारी र केन्द्रीय सदस्य सबैको मनोनयन ओलीजीले सर्वसम्मतिका नाममा आफैं गरे । लोकतान्त्रिक अभ्यासका लागि तयार देखिएनन् । स्वतन्त्रतापूर्वक निर्वाचनबाट सबै पदाधिकारी तथा केन्द्रीय समिति चयन गर्ने वातावरण बन्न दिएनन् । दलको कार्यदिशा र सिद्धान्त तथा आदर्शबाट विचलित भई दलभित्र एकाधिकार कायम गर्ने एकल सोचका साथ प्रस्तुत भए ।

दलभित्र सर्वसत्तावाद हावी गराउन ठूलो प्रयास गरे । सबै पदहरूमा एकल निर्णय गर्न सफल ओली आफैं रावलसँग प्रतिस्पर्धामा उत्रिनुपर्दा सर्वसम्मत अध्यक्ष बन्न नसकेकाले ठूलो पीडामा रहे अनुभूति भएको थियो । यी सबै प्रक्रियामा सर्वसम्मत शब्दको दुरुपयोग भयो । पञ्चायती कालको सबैभन्दा अनुदार समय गाउँफर्क राष्ट्रिय अभियानका नाममा सबै निर्वाचित प्रतिनिधिलाई सर्वसम्मतिका आधारमा चयन गर्ने अभ्यासको स्मरण गराउन सफल भए । प्रायः यही शैलीको अनुकरण माओवादी केन्द्रको महाधिवेशनको प्रतिनिधि छनोटबाट भएको अवस्था स्पष्ट भएकै छ ।

नेपाली कांग्रेसभित्र भिन्न अभ्यास देखियो। स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउन प्रयास इमानदारिताका साथ भयो । सबै पदहरूमा स्वतन्त्र र स्वस्थ प्रतिस्पर्धा भएको यथार्थता सबैका सामु प्रस्ट छ यस दलका पदाधिकारीहरू र केन्द्रीय सदस्यहरूको निर्वाचन विशुद्ध लोकतान्त्रिक तरिकाबाट सम्पन्न भयो । यद्यपि, नेपाली कांग्रेसको महाधिवेशनमा दलको नीति तथा कार्यक्रम'दयगत प्रस्ताव प्रस्तुत भएनन् । पदाधिकारी र केन्द्रीय सदस्य निर्वाचनमा मात्र केन्द्रित हुन पुगेको थियो । रणनीति र दीर्घकालीन सोच'दयगत छलफलसम्म पनि भएन । दलको नेतृत्वको तर्फबाट राजनीतिक प्रतिवेदनसम्म पनि पेस गर्ने कार्य भएन । दलको सिद्धान्त र आदर्श'दयगत कुनै पनि एजेन्डा तयार पारेर छलफल गराउन सकेन । दलको सैद्धान्तिक अवधारणालाई कसरी विस्तारित गर्दै विकास गर्ने ? जस्ता विषयले स्थान पाउन सकेनन् । संस्थापन पक्षसँग प्रतिस्पर्धा गरिराखेको समूहका तर्फबाट दलको प्राथमिकता, दीर्घकालीन सोच र गन्तव्य, दलको आगामी कार्यदिशा'दयगत अवधारणापत्र प्रस्तुत गरिए तापनि त्यसलाई खासै महत्त्व दिन संस्थापन पक्ष तयार भएन । सिद्धान्त, आदर्श, मूल्य, मान्यता, रणनीति, कार्यक्रम, सबैलाई गौण आँकलन गरी निर्वाचन सम्पन्न गर्ने दिसामा मात्र अभिमुख हुन पुग्यो । देशको सबैभन्दा ज्येष्ठ लोकतान्त्रिक समाजवादी दलको महाधिवेशन यसप्रकार अपूर्ण र गुनस्तरहीन बन्दै सम्पन्न बनेको अवस्था छ ।

दलहरूभित्र सैद्धान्तिक संकट आमन्त्रण हुनु नेपालको संविधानमा रहेका प्रावधानसमेतले योगदान गरिराखेको अवस्था छ । मिश्रित निर्वाचन प्रणालीका आधारमा संघीय संसद्लगायतको निर्वाचनको प्रावधानले राजनीतिक अस्थिरताको वातावरण सिर्जना गरेको छ । समानुपातिक प्रतिनिधित्व गराउन यो प्रणालीको अवलम्बन गरिँदा अत्यन्त सानासाना दल र स्वतन्त्र संसद्समेतले सरकारसँग ठूलो सौदाबाजी गर्न सक्ने अवस्था छ । यसले गर्दा सरकार सधैं अस्थिर बन्ने र व्यक्तिगत अभीष्ट पूरा गर्ने प्रयोजनमा संसद्हरू लागिपर्ने स्थिति छ ।

दलहरू आदर्श र सिद्धान्तलाई अस्वीकार गर्दै सत्तामा निरन्तरता दिने एकल सोचमा अभ्यस्त रही सबैसँग समझदारी गर्न तत्पर रहेका छन् । निर्वाचनमा सिद्धान्त नमिल्दा र एकले अर्कालाई वर्ग शत्रुका रूपमा अस्वीकार गरिआएका राजनीतिक शक्तिसँग गठबन्धन गर्दै सरकार बनाउन बहुमत जुटाउने कार्यमा सबै दलहरू प्रयासरत रहने संस्कृतिको विकास भएको छ । यसले गर्दा मतदाता आफ्नो दलको सिद्धान्त र आदर्शका आधारमा जीवन समर्पण गर्दै आउँदा सिद्धान्तनिष्ठ कार्यकर्ताहरू आश्चर्य बन्ने अवस्था सिर्जना भएको छ । साम्यवादी दलहरू सबैभन्दा ठूलो दलको हैसियतमा रहेको एमालेभित्र कमरेड मदनका समयमा हुने जनताको बहुदलीय जनवाद (जबज) र नौलो जनवादजस्ता सैद्धान्तिक अवधारणाका आधारमा हुने जीवन्त छलफल इतिहासमा सीमित बनेको छ । सर्वहाराका नाममा राजनीति गर्नेहरू सामन्ती शैलीमा विलासी जीवन व्यतीत गरिराखेका छन् । नेपाली कांग्रेस अब्बल लोकतान्त्रिक पार्टी भएको दाबी गरिरहँदा आफ्नै दलभित्र आन्तरिक लोकतन्त्रको विकास गर्न असफल हुँदै गएको छ ।

यसप्रकार सबै दलहरूभित्र सैद्धान्तिक विचलन र संकटको अवस्था छ। स्पष्ट नीति र रणनीतिको अभाव छ । भावी कार्य दिशा'दयगत दलहरू स्पष्ट छैनन् । नेपालको संविधानमा स्पष्ट व्यवस्था भएका प्रावधानहरूलाई समेत गौण आँकलन गरिराखेका छन् । समावेशीकरणका सिद्धान्तलाई संविधानले स्पष्ट गर्दा पनि दलहरू सबैको व्यवहार यस दिशामा सकारात्मक देखिएको छैन । लोकतान्त्रिक मूल्य मान्यतालाई अस्वीकार गर्दै दलभित्र गुट र उपगुट सिर्जना गरेर दल सञ्चालन गरिराखेका छन् । यी कार्यशैलीबाट देशले अंगीकार गरेको गणतान्त्रिक प्रणालीका आधारमा लोकतन्त्र र शासन प्रणालीको गुणस्तर कायम गर्ने सन्दर्भ छायामा पर्दै गएको छ । राजनीतिक दलहरू यसमा गम्भीर बनेका छैनन् । परिणाम हो देशमा गणतान्त्रिक लोकतन्त्रको संस्थागत विकास र देशको समृद्धिको सन्दर्भ अलपत्र परिराखेको छ । राजधानी दैनिकबाट ।

नगरपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
स्वर्गद्वारी नगरपालिका, भिंगृ प्यूठान

## कविता

### ब्यङ्ग्य बिशेष : प्रेम दिवश



**सरद विष्ट**
स्वर्गद्वारी न.पा.-३, प्युठान

प्रसङ्ग प्रेम दिबसको !
मैले प्रेमलाई नै जीवन ठाने ।
तिमी प्रेमलाई के ठान्यौं?
उसले भनी,"धत प्रेम पनि कहि जीवन हो ?"
अलि मुख बिगार्दै फेरि भनी 'जीवन पो प्रेम हो त ।'
'कसरी?'
उसले भनी-जीवन नभए कसरी प्रेम हुन्छ ?
उसको प्रश्नले मलाई धेरै भावुक वनायो ।
मैले बुझेको कुरा,
सच्चा प्रेम नै जिवनको दस्तावेज हो ।
उसले निकै गम्भीर भएर सोधी, 'तिमीलाई प्रणय दिवश के हो थाहा छ ?'
म त सबै भोगेको मान्छे त्यत्ति एउटा प्रणय दिवशको वारेमा थाहा नपाउनु !
उ खिस्स हासी र भनि, के मलाई माया गर्छौं?
उसको प्रश्न भुईमा खस्न नपाउदै मैले जवाफ दिए-
मेरो मायामा अझ प्रेमको लेखाजोखा?
उसका दुवै ओठहरु हाँसे ।
मैले लेखेको कविता'मृत्युको जित' सुनाए
उ निकै भावुकभई
हेर ! यही कवितामा म बिद्यालयमा प्रथम भएको थिए ।
उसले सोधी- को हुन रोमियो एण्ड जुलेट ?
मैले मनमनै भने अंग्रजी नपढेकी मान्छे ?
तिनीहरु प्रेममा संसार जितेका मान्छे हुन ।
उसले कुरो अन्तै मोडी ।
यसपालिको प्रणय दिवस कसरी मनाउछौं ?
प्रश्नआफैमाचित्कार अनि रोदन पनि थियो ।
म त्यहाँवाट हिडे ।
व्यस्तबजारको भिडभाडमा,
तरुनातन्देरी फूलहरु किन्दै आदान प्रदान गर्दै थिए ।

मलाई पनि एउटा गिफ्ट पसलमा पुग्नु थियो ।
गिफ्ट पसल छिचोल्दा छिचोल्दै एक भव्य गिफ्ट पसलमा पुगे ।
पसलेलाई भ्याई नभ्याई थियो, फूलहरु बेच्न ।
युवा-युवतीहरु गिफ्ट छान्न व्यस्त थिए ।
सबै आ-आफ्नो धुनमाथिए ।
कसैलाई कसैको प्रवाहथिएन ।
म पनि त्यही भिड्भाडमा थिए ।
अनि अलि पर कुनामा एउटी सून्दर युवती थिई ।
उसको हातमा फूलहरु थिए ।
म नजिक गएर यि फूलहरु कस्का लागि भनेर सोधे ।
उ झर्किएर बोलि, तिमलाई के सरोकार !
सरोकार त होइन त्यही पनि आज प्रेम दिवश।
संसारभरका मान्छेहरु सँगमाया, प्रेम र सद्भाव देखाउने दिनहो ।
आफूलाई कत्रो चोट परेको छ, उसले भनि ।
के को चोट?मलमलगाएर घाउ निको बनाउनु पर्छ ।
अन्यथा चोट माथि चोट बल्झन्छ मैले जवाफ दिए ।
उ खिस्स हाँसी र सोधी, तिम्रो नाम के हो ?
मेरो नाम प्रेम हो ।
वा ! कस्तो राम्रो नाम?उसले फेरि सोधी तिम्रो घर कहाँहो ?
मेरो घर हिमालमापर्छ, जहाँ सेताहिमालहरु छन् ।
अनि सहरमाकिनआएको ?उसले सोधी
आजशहरमाआउने रहर होइन, वाध्यता छ ।
सुन ! म भन्छु ।
म साच्चै प्रेम दिबशको नारा लगाउनआएको हुँ ।
वाउले छोरीलाई वलत्कार, दाईले वहिनीलाई वलत्कार
चोरी,लुट्पाट, हत्या हिंसा, भष्ट्राचार गरिवी के के हो ?
देश स्तव्ध छ ।
देशको घाउ र तिम्रो प्रेमको घाउ फरक कुरा हुन् ।
उसले नबुझे जस्तो गरी ।
मतलब मेरो कुरा बुझ्न उसको ध्यानगएन ।
ए ! ए !! छोडिदेउ म भन्दै थिए ।
ल ! ल !! मेरो प्रेम दिवशको सन्देश सुन्छौ ?
उ सुन्नआत्तुर थिई ।
मैले खर्रर वाचन गरे ।
तिमी,को हौ तिमी? के भनुँ म तिमीलाई ?
तिमीजीवनको अर्थ, तिमी नै जीवन,
तिमी सास, तिमी मुटु, तिमी नै धड्कन ।
जीवनभन्दामाथीप्यार छ तिम्रो,
मेरो हर सासमाअधिकार छ तिम्रो ।
त्यो चन्द्रमा , तीतारा,
यो नदितिमी छ्यौ र त सब छन्,
त्यो तिम्रो मुस्कान म जीउनुको कारण ।
हर क्षण तिम्रो लागि मेरो प्यारको उपहार हुनेछ ।
र त्यति बेलासम्म मेरा आँखामातिम्रो प्यार हुनेछ ।
जबसम्म समुन्द्रको पानीगुलियो हुँदैन,
जबसम्मकोइलीको आवाज नमिठो हुँदैन,
जबसम्म हिराले आफ्नो चमक छाड्दैन,
र यी सब हुनअसम्भव छ,
त्यसैले मैले तिमीलाई भुल्नअसम्भव छ ।
यी हरफहरु उसलाई खुव घत लाग्यो ।
उसको मोवाईलमाकपिगर्न खोजी रहेकीथिई ।
तिमी त खतरा साहित्यकार रहेछौं,
उसले भनि ।
म शीर ठाडो पारे ।
उसले दिएको तक्माजोगाउनु थियो ।
झमक्क साझ पर्दै थियो ।
वजारको रौनकअर्कै थियो ।
तरुनातन्देरी सबै आ-आफ्नो धुनमाव्यस्तथिए ।
सबैको अभिसाय प्रेम प्रतिको मोह थियो ।
मैले पनि झट्ट सम्झिएश्रीमतीको लागिआज के कोशेली?
गिफ्टहरु सोचे भन्दापनि महङ्गाथिए ।
गिफ्टहरु छान्दा छान्दै निकै अवेर भइसकेको थियो ।
मनिकै हतारमाथिए ।
उसले अझै प्रेम लिलाका कुरा सुन्नखोजिरहेकीथिई ।
अबम समयमै घर पुग्नुपर्छ भन्ने निधो गरे ।
गिफ्टहरु पनिकिन्न सकिएन ।
रित्ताहातहरु र अधेरो भिसमिसे साँझलिएर
प्रेमदिवस मनाउन घर फर्किए ।।

## सुगमता तर्फ .........

गाडि चल्ने अवस्था हुँदैन । 'स्थानीयले उत्पादन गरेको कृषिजन्य उत्पादन बजार पुऱ्याउन स्थानीयलाई समस्या छ', आचार्यले भनिन्, 'पुल बनेपछि धेरै राहत मिल्ने छ ।' हिजोआज खैराबासी दाखाक्वाडि पुग्न चेरनेटा भएर घण्टौको घुमाउरो बाटो हिडनुपर्ने बाध्यता छ। पुल बने ८/१० मिनेटमै दाखाक्वाडि पुग्न सकीने छ । पुल निर्माणको काम थालेपछि खैरा गाउँको रौनकनै बदलिदै जान थालेको स्थानीय बताउछन् । 'सुन्दर गाउँ हुँदाहुँदै पनि यातायातको समस्याले धेरैजना बसाइ सरेर गाउँ छाडे,' स्थानीय भोजबहादुर बस्नेतले भने, 'पुल निर्माणको काम थालिएपछि गाउँमा बसाइसराइ रोकिएको छ ।' पुल बन्न थालेपछि खैराको जग्गाको मुल्य समेत बढेको बस्नेत बताउँछन् । खैरा-दाखाक्वाडि जोड्ने पक्की पुल निर्माणले प्यूठान नगरपालिका-१, को खैरा गाउँका स्थानीयले धेरै लाभ लिने प्यूठान नगरपालिकाका मेयर अर्जुनकुमार कक्षपतिले बताए । 'खैरामा डवल लेनको पुल निर्माण हुँदैछ,' उनले भने, 'यसैलाई आधार मानेर हामीले जिल्ला भएर आउने भनिएको मदन भण्डारी राजमार्ग बाग्दुबाट खैरा हुँदै लग्ने प्रस्ताव गरेका छौं ।' मदन भण्डारी राजमार्ग खैरा हँदै निर्माण भए बिजुवार क्षेत्रमा सडक छेउछाउका भौतिक संरचना जोगिने र खैरा क्षेत्र लाइ पनि राम्रो हुने कक्षपतीको बुझाइ छ । उनले समयमै पुल निर्माणको काम सक्नको लागि निर्माण कम्पनी र कार्यालयलाई समय समयमा झकझकाइरहेको बताए । खैरमा पाँच स्प्यानको डवल लेनको पुल भ्याट बाहेक १२ करोड ८१ लाख ८ हजार २ सय २३ रुपैयाँ लागतमा निर्माण भइरहको सडक डिभीजन कार्यालय प्यूठानले जनाएको छ। २०७७ बैशाख ३० गते निर्माण सम्पन्न गर्ने गरि पुल निर्माणको जिम्मा नागार्जुन कन्ट्रक्सनले लिएको थियो । अझै निर्माण पूरा भएको छैन । पुल शिर्षकमा प्रयाप्त बजेट नआएकाले पुलन निर्माणको काम समयमा सम्पन्न नभएको निमित्त कार्यालय प्रमुख बिरेन्द्र चन्द्रले बताए । निर्माण कम्पनीका प्रतिनिधि प्रकाश न्यौपानेले पुल निर्माणको काम नियमित रुपमा भइरहेकाले चालु आर्थिक वर्ष भरमा निर्माण सकिने जानकारी दिए ।

## चाट पसल....

व्यवसाय खोल्ने सुर गरेको उनि बताउँछन् । चाट पसलमा ग्राहकको भिड हुन थालेपछि कहिलेकाँहि एक्लैले नभ्याउँदा ग्राहकहरु फर्किएको थुप्रै उदाहरण छ । 'पहिलेको कमाई बचाउँन सकेन', उनले भने, 'पैसा बचत गर्न थालेपछि आफन्तहरुले बिहे गने ' सल्लाह दिन थालेका हुन् ।' बिहे गर्ने पैसा नहुँदा आफूले ४० वर्षको हुँदा बल्ल बिहे गरेको उनले बताए । उनले खलंगाबाट २० वर्षकी श्रीमती विवाह गरेका हुन् । श्रेष्ठले बिवाह गरेको अहिले ३ वर्ष पुग्यो । अहिले दुबैले चाट पसल गरीरहेका छन् । सामान र खाजा बनाउन विजुवारमै मासिक ४ हजार तिरेर कोठा लिएका छन् । खाजा र चाट दुबै चल्न थालेपछि श्रीमानले होटल चलाइरहेका छन् भने श्रीमती एक्लैले चाट पसल चलाउन थालेका छन् । अहिले कविताले चाटसंगै जेरी, पानिपुरी, चटपट लगाएतका नास्ता बनाउँने गर्छिन् । चाट पसलबाटै मासिक ८० देखि ९० हजार सम्म कमाइ हुने गरेको उनि बताउँछन् । 'बिहान भन्दा साझमा धेरै ग्राहक आउनुहुन्छ', उनले भनिन्, 'सधै एकनास व्यापार नहुने भएपनि आम्दानी राम्रो बचेको छ ।' कहिलेकाही ग्राहक नआउँदा पकाएका सामानहरु खेर जाने र ग्राहकहरु धेरै आउँदा सामान पुऱ्याउन नसकिने समस्या रहेको उनीहरु बताउँछन् । 'जाडोमा भन्दा गर्मि मौषममा राम्रो व्यापार हुन्छ', उनले भनिन्, 'यो बेला मासिक १ लाखभन्दा बढि आम्दानी लिने गरेका छौं ।' भारतमा धेरै वर्ष जागिर गर्दा पैसा कमाउन नसकेपनि अहिलेको कमाइबाट आफूहरु सन्तुष्ट रहेको उमेशले बताए । व्यापार व्यवसाय सानो नहुने तर परिश्रम गर्न सरम मान्न नहुने यिनीहरु बताउँछन् ।

**गाउँपालिका वासिलाई अनुरोध**

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँ पालिका बाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : ऐरावती गाउँपालिका, बरौला प्यूठान**

**गाउँपालिका वासिलाई अनुरोध**

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : सरुमारानी गाउँपालिका बड्डाँडा प्यूठान**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# नागरिक सहायता कक्ष प्रयोग विहिन

**गिता गौतम**
**झुलेनी पोष्ट, प्यूठान**

करदाता सेवा कार्यालय जस्पुरमा स्थापना गरीएको नागरिक सहायता कक्ष प्रयोगमा नआउँदा सेवाग्राहीले सास्ती पाएका छन् । कार्यालयको आंगनमै सेवाग्राहिका लागि स्थापना गरीएको नागरीक सहायता कक्ष बनाएपनि यहाँबाट सेवाप्रवाह दिइएको छैन । माण्डवी गाउँपालिकाका स्थित जस्पुरमा रोल्पा र प्यूठानका सेवाग्राहीलाई कर सम्बन्धी सेवाका लागि करदाता सेवा कार्यालय स्थापना गरीएको छ ।

कार्यालयमा कर बुझाउने, स्थायी लेखा नं. दर्ता, नामसारी गर्ने लगायतका कार्यका लागि अनलाइन मार्फत हुने काममा नागरिकका लागि नागरिक सहायता कक्षा स्थापना गरीएको हो ।

यहाँ कक्ष सञ्चालनमा नआउँदा सेवाग्राहिले महंगो शुल्क तिरी बाहिर काम गर्नुपर्ने बाध्यता रहेको गुनासो गरेका छन् । सेवा लिन आएका एक जना व्यक्तिले भित्रैबाट हुने काम बाहिर अनलाइन गराउनुपर्ने बताए । नागरिक सहायता कक्षा स्थापना गरीएको भए निशुल्क हुने कामका लागि ५ सय रुपैयाँ तिर्नुनपर्ने उनको भनाई छ । यिनी जस्तै कार्यलयमा सेवा लिन आउने अन्य




सेवाग्राहिले पनि महंगो शुल्क तिरी काम गर्नुपरेको छ । सवै काम बाहिरै पैसा तिरेर गर्नुपर्दा कर्मचारीले हस्ताक्षर मात्रै गर्ने गरेको उनिहरुको आरोप छ । नागरिक सहयता कक्षका लागि कार्यलयले कम्प्यूटर, प्रीन्टर राखेपनि प्रयोगमा ल्याएको छैन । केहिँ समय पहिले उद्योग वाणिज्य संघ मार्फत एकजना कर्मचारीको व्यवस्था गरेपनि अहिले कर्मचारी नभएको सेवा कार्यालयका निमित्त प्रमुख अशोक रिजालले बताए । ‘ हाम्रो कार्यलयको कर्मचारी राख्ने अथोरिटि छैन’, रिजालले भने, ‘सुरुमा संघले एक जना कर्मचारी राखेपनि खै पछि के भयो र जानु भयो जानकारी भएन ।’

उद्योगी व्यवसायीलाई समस्या भएको जनाउँदै प्यूठान उद्योग वाणिज्य संघका कार्यकारी निर्देशक प्रकाश खनालले यस विषयमा संघले योजना बनाएको बताए । गत आर्थिक वर्षमा चार महिनाको लागि कर्मचारि राखेको भएपनि संघमा प्रयाप्त बजेट नहुँदा निरन्तर दिन कठिनाई भएको उनले जानकारी दिए ।

# सहिद उमेशचन्द्र थापाको १६ औं स्मृती दिवस मनाइयो

**झुलेनी पोष्ट**
**प्यूठान**

जनआन्दोलन २०६२/०६३ को आन्दोलनमा मारिएका सहिद उमेशचन्द्र थापाको १६ औं स्मृति दिवस कार्यक्रम उमेश स्मृति प्रतिष्ठानको भवन बिजुवारमा भएको छ । बुधबार सहिद थापाको स्मृति दिवसको अवसर पारेर नेकपा एमाले प्यूठानले उनको सम्झनामा कार्यक्रम गर्दै तस्विरमा माल्यार्पण गरि दिवस मनाएको हो । उनी माघ २६ गते आन्दोलनका क्रममा मारिएका हुन् । प्यूठानको सामाजिक कार्यमा महत्वपुर्ण योगदान पुर्‍याएका सहिद थापाको योगदानको स्मरणमा प्रत्येक वर्ष पार्टीले थापाको स्मृतिमा विविध कार्यक्रमहरु गर्दै आईरहेको छ ।

राजा ज्ञनेन्द्रले आफ्नो निरंकुश शासन टिकाइ राख्न २०६२ साल माघ २६ गते गरिएको कथित नगर निर्वाचनलाई असफल पार्नका लागि दाङमा सडकमा उत्रिएको वेला नेपाली सेनाले चलाएको गोली लागी थापाको ज्यान गएको थियो । नेकपा एमालेको पार्टी कार्यालय (उमेश स्मृति प्रतिष्ठान) बिजुवारमा गरिएको कार्यक्रमको अध्यक्षता नेकपा एमाले जिल्ला कमिटि प्यूठानका अध्यक्ष विजय बिराज बिष्टले गरेका थिए भने सञ्चालन पार्टी सचिव माधव शर्माले गरेका थिए ।

**को हुन् शहिद उमेश ?**

उमेशचन्द्र थापा विसं २०१२ असोज १० गते प्यूठानमा जन्मिएका हुन् । आमा फनिदेवी थापा र बुबा भोज बहादुर थापाको कोखबाट साबिक बरौला गा.वि.स. हाल ऐरावती गाउँपालिकामा जन्मिएका थापा समाजप्रति कर्तव्यनिष्ठ, न्यायप्रेमी, साहसी र निडर नेताको रुपमा परिचित ब्यक्तित्व हुन् । सानैदेखि आत्मविश्वासी र लगनशील व्यक्तिको रुपमा चिनिएका उमेशले स्नातक तहसम्मको अध्ययन गरेका छन् । प्युठानकै बिजुली गाविसमा रहेको तत्कालीन जनता मावि र मुक्ति विद्यालयमा अध्ययनपछि उनी दाङको घोराहीमा बसाइ सरेर गएका थिए ।

उच्च शिक्षा घोराही भरतपुर स्थित महेन्द्र बहुमुखी क्याम्पसमा शुरु गरेका उमेशले विद्यार्थी कालदेखि नै राजनीति शुरु गरेका हुन् । प्युठानकै वामपन्थी आन्दोलनबाट प्रभावित भएर उमेशले प्युठानबाटै राजनीतिक जीवन शुरु गरेका थिए । कम्युनिष्ट घटकको रुपमा उनले राजनीति शुरु गर्दा विद्यार्थी राजनीतिको अवस्था समेत कमजोर थियो । तत्कालीन नेकपा मालेको सम्पर्कमा रहेर महेन्द्र बहुमुखी क्याम्पसमा उनले काम गरेको नेकपा दाङका नेता टीकाराम खड्काको भनाई छ । विसं २०३५/३६ तिरको वामपन्थी विद्यार्थी आन्दोलनका कारण उमेशको छवि वजनदार बनेको उनका समकक्षीहरु बताउँछन् । थापा विद्यार्थी राजनीति गरेकै कारण तुलसीपुरमा चार महीना जेल जीवन समेत भोग्न बाध्य भएका थिए । थापाले नगर कमिटी सदस्य समेत भएर काम गरेका थिए ।

उनको आफ्नै प्रेस थियो । प्रेस चलाएर बस्ने भएकाले पनि सम्पूर्ण समय पार्टीलाई दिन नसकेका थापाले पार्टीले भनेका कामहरु कर्तव्यनिष्ठ भएर गर्थे । थापाले विवाह प्युठानबाटै गरेका हुन् । विद्यार्थी र राजनीति गर्दै दाङमा बस्न थालेपछि प्युठानकै एञ्जला थापासँग २०४१ फागुन २२ गते उनको मागी विवाह भएको हो ।

# सरुमारानी गाउँपालिका शिक्षा शाखाद्वारा विद्यालय अनुगमन,

**गिता गौतम**
**झुलेनी पोष्ट, प्यूठान**

सरुमारानी गाउँपालिका प्यूठानले विद्यालय खुलेसगैं अनुगमन कार्यलाई तिव्रता दिएको छ । तेस्रो भेरियण्टको कोरोना भाईरस संक्रमणका बढ्दै जाँदा पछिल्लो एक महिनादेखि बन्द रहेका विद्यालयहरुमा पठनपाठन सुरु भएपछि अनुगमनलाई तिब्रता दिइएको हो । गाउँपालिकाले विभिन्न वडामा संचालित सामुदायिक तथा संस्थागत बिद्यालयहरुको अनुगमन कार्य गरीरहेका गाउँपालिका अध्यक्ष झक बहादुर बि.क.ले जानकारी दिए । सरुमारानी गाउँपालिकाको शिक्षा शाखा अधिकृत पुष्पलाल शाहीको नेतृत्वमा सरुमारानी गाउँपालिका वडा नं ६ मा रहेका विद्यालयहरु ऐश्वर्य प्रा.वि भिङ्ग्रीखोला, भुवनेश्वरी प्रा.वि पाङवाङ र सरुमारानी मा.वि बुढिचौरमा अनुगमन तथा सोही बिद्यालयका शिक्षकहरु संग अन्तर क्रिया कार्यक्रम समेत गरिएको छ । साथै आगामी दिनमा निरन्तर रुपमा गाउँपालिका अर्न्तगतका सबै बिद्यालयहरुको अनुगमन गरिने शिक्षा शाखा अधिकृत शाहीले बताए । वार्षिक परीक्षा नजिकिदै गर्दा एक महिना पछि विद्यालयमा पठन पाठन सुरु भएपछि विद्यार्थीहरु उत्साहित रहेको उनले जानकारी दिए । बिद्यालय खुल्यो भन्ने जानकारी नभएका कारण पहिलेको तुलनामा बिद्यार्थीको उपस्थिती अहिले कम देखिएको उनले बताए । बिद्यालयको शैक्षिक गुस्तर वृद्धि विकासमा जोड दिने र आर्थिक तथा भौतिक ब्यवस्थापनमा सुधार गर्न अनुगमन समितीले निर्देशन दिएको छ । नियमित अनुगमनले विद्यार्थी, अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई स्कूल व्यवस्थापनमा सहज हुने अपेक्षा छ।

## छोटकरी

# प्रदेश स्तरीय हाप्किडो प्रशिक्षक सेमिनार सम्पन्न



**झुलेनी पोष्ट**
**प्यूठान**

लुम्बिनि प्रदेश स्तरीय हाप्किडो प्रशिक्षक तथा रेफ्री सेमिनार कार्यक्रम विजुवार प्यूठानमा सम्पन्न भएको छ । शनिबार देखि जिल्ला खेलकुद विकास समितिको कवर्ड हल पुण्यखोलामा ३ दिनसम्म कार्यक्रम आयोजना भएको थियो । नेपाल मार्सल आर्ट्स हाप्किडो संघ प्युठानको आयोजना तथा नेपाल मार्सल आर्ट्स हाप्किडो संघ लुम्बिनी प्रदेशको सहकार्यमा सेमिनार चलाइएको थियो । नेपाल मार्सल आर्ट्स हाप्किडो संघका केन्द्रिय अध्यक्ष तथा दक्षिण एसियायी हाप्किडो संघका अध्यक्ष काली बहादुर घर्ती मगर, संघका केन्द्रिय सहायक प्रमुख प्रशिक्षक तथा लुम्बिनी प्रदेश सचीव भुवन बुढा मगर र संघका केन्द्रिय सहायक प्रमुख प्रशिक्षक प्रविण गुरुङले प्रशिक्षण दिएका थिए । सेमिनारमा लुम्विनी प्रदेशका १२ जिल्लाका १ सय ८० जना बिभिन्न डोजाङका प्रशिक्षक तथा खेलाडीहरु सहित प्यूठानका बिभिन्न स्कुल तथा स्थानीय तहबाट १ हजार २ सय खेलाडीहरु सहभागी थिए । प्रदेश स्तरीय हाप्किडो च्याम्पियन सिप प्रतियोगिता माण्डवी गाउँपालिका प्यूठानमा फागुन १९, २० र २१ गते आयोजना भएकाले रेफ्रि छनौटका लागि सेमिनार सञ्चालन गरीएको संघका अध्यक्ष टेकराज केसीले जानकारी दिए ।

# आइतवारदेखि विद्यालय सञ्चालन

**झुलेनी पोष्ट**
**प्यूठान**

प्यूठान सहित देशभरका अधिकांश विद्यालयहरु आइतबारदेखी संचालनमा आएका छन् । कोरोना संक्रमणको तेस्रो लहर फैलिएका कारण गत एक महिना देखि विद्यालयहरु बन्द थिए । विद्यालय बन्दका बेला जिल्लाका धेरै विद्यालयका विद्यार्थीहरुले कोभिड बिरुद्धको खोप लगाएपछि विद्यार्थीहरुको भौतिक उपस्थितीमै नियमित रुपमा कक्षा सन्चालनमा ल्याइएको जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइका प्रमुख शिव पण्डितले जानकारी दिए । शिक्षा मन्त्रालयको परिपत्र अनुसार विद्यालयहरु नियमित रुपमा सञ्चालन भएको पण्डितले बताए । जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठकको निर्णयले फागुन १ गतेदेखि लागु हुने गरी विद्यालय तथा ट्यूसन सेन्टर र तालिम तथा शैक्षिक क्रियाकलपाहरु जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना गरी सञ्चालन गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी खिम प्रसाद भुषालले जानकारी दिए ।

# गौमुखीमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना

**मित्र बहादुर थापा**
**झुलेनी पोष्ट**

गौमुखी गाउँपालिका-५, ठुलावेसीमा नागरिक आरोग्य सेवा केन्द्र सोमवार स्थापना गरीएको छ । सेवा केन्द्रको गौमुखी गाउँपालिका अध्यक्ष विष्णु कुमार गिरीले समुद्घाटन गरेका हुन् । आयुर्वेदिक सेवा लिनको लागि सदरमुकाम धाउनुपर्ने यस क्षेत्रका स्थानीय केन्द्र स्थापना भएपछि खुसी भएका छन् । कार्यक्रममा बोल्दै प्रमुख अतिथि गिरीले धेरै लामो समयको प्रतिक्षापछि ठुलावेसीमा आयुर्वेद सेवा सुरु भएको जानकारी गराउँदै गाउँ गाउँमा आयुर्वेद स्वास्थ्य सेवाको पहुँच र बिस्तारमा जोड दिनुपर्ने बताए। सर्वसाधारमा आयुर्वेद सेवा पद्धतिको ज्ञानमा पहुँच नभएकाले स्थानीयवासी सेवाबाट बञ्चित भएको धारणा उनले राखेका थिए। यहाँबाट निशुल्क बिरामी जाँच, माइनर वटि (ड्रेसीङ) सेवा, निशुल्क औषधी वितरण, अत्यावश्यक बिभिन्न थरीका औषधी वितरण तथा स्वास्थ्य परामर्श सेवा उपलब्ध हुनेछ । गौमुखीमा सेवा केन्द्र स्थापनासँगै सरुमारानी गाउँपालिका बाहेक जिल्लाका सबै स्थानीय तहमा आयुर्वेदिक सेवा पुगेको छ । जिल्लाका सदरमुकाम खलंगामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बाहेक बिस्तारित आयुर्वेद सेवा, आयुर्वेक औषधालय, नागरिक आरोग्य सेवा केन्द्रका नामबाट आयुर्वेद सेवा दिइदै आएको छ ।

# मतदाता नामावली संकलन कार्य स्थगित

**झुलेनी पोष्ट**
**प्यूठान**

सरकारले स्थानीय तहको निर्वाचन ३० वैशाखमा गर्ने निर्णय गरेसँगै मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य स्थगित भएको छ । मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले स्थानीय निर्वाचनको मिति तय गरेको हो। सरकारले निर्वाचनको मिति तय गरेसंगै मतदाता नामावली ऐन २०७३ को दफा ४ को उपदफा २ मा भएको प्रावधान समेतका आधारमा नामावली संकलन कार्य स्थगित गरीएको जिल्ला निर्वाचन कार्यालय प्यूठानले जनाएको छ । प्यूठान जिल्लामा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र ईलाका प्रशासन कार्यालयबाट मतदाता नामावली संकलन कार्य हुँदै आएको थियो । निर्वाचन कार्यालयका अनुसार २०७८ माघ २५ गतेदेखि मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य अर्को व्यवस्था नभएसम्मका लागि स्थगित गरिएको छ ।

# माछा पालन कसरी गर्ने ?

माछा पालन कसरी गर्ने? | माछा पालनको तयारी | पोखरीको तयारी | मत्स्य बिज सञ्चयन | माथिल्लो आहार

### माछा पालनको तयारी

माछाका लागि पोखरीको तयारी वर्षा लाग्नुभन्दा पहिले नै गर्न उपयुक्त देखिन्छ। माछा पालन सबै प्रकारका साना ठुला मौसमी तथा बाह्रमासे पोखरीमा गर्न सकिन्छ। यस बाहेकै यस्ता पोखरी जहाँ अन्य जलीय वनस्पतीय फसलहरू जस्तै- जलबदाम, कमलको फुल, ढस वा घाँसिलो ठाउँ लिन सकिन्छ। यी सबै माछा पालनका लागि उपयुक्त मानिन्छ। माछा पालनका लागि पोखरीमा मल, उर्वर सामग्री, अन्य खाद्ध पदार्थ आदि हालिन्छ, यी सबै सामग्रीले पोखरीको माटो तथा पानीको उर्वरता बढ्दछ र परिमाण स्वरूप फसलको उत्पादन बृद्धि हुन्छ। यी वनस्पतीय फसलहरूको सृष्टि फोहोर पोखोरीको पानी जुन सडेगलेका हुन्छन्, तिनले पानी वा माटोलाई अधिक उर्वर बनाउँछन, जसबाट माछाको सर्वोत्तम प्राकृतिक आहार प्लेटन (प्लवक) उत्पन्न हुन्छ। यस प्रकार दुवै नै एक अर्काको पुरक बन्दछन् र आपसमा



उत्पादन बढाउन सहायक हुन्छन्।

धान खेतमा पनि जहाँ जुन-जुलाई महिनादेखि अक्टोबर-नभेम्वरसम्म पर्याप्त पानी भरिएको हुन्छ, माछा पालन गरेर अतिरिक्त आय प्राप्त गर्न सकिन्छ। धान खेतीमा माछा पालनका लागि एउटा भिन्नै प्रकारको तयारी गर्ने आवश्यकता हुन्छ। कृषकहरू आफ्नो खेतबाट राम्रो उत्पादन गर्नका लागि खेत जोताउँछन्, गरा एवम् डिल (आली) आदि यथा समयमा आवश्यकतानुसार नाइट्रजेन, स्फुर तथा पोटास मलको प्रयोग गर्दछन्। उचित समयमा रोपिएको बिउमा बिमारको रोकथामका लागि दवाई आदिको प्रयोग गर्दछन्। ठिक यस्तै प्रकारले माछाको राम्रो उत्पादन प्राप्त गर्नाका लागि माछा पालनमा पनि खेतिको यो क्रिया कलापहरू प्रयोग गर्न अत्यावश्यक हुन्छ।

### पोखरीको तयारी

मौसम अनुसारका पोखरीमा माङ्सहारी तथा अनावश्यक साना प्रजातिका माछा रहने आशङ्का रहँदैन तथापि बारहमासे पोखरीमा यस्ता माछा हुन सक्छन्। अतः यस्ता पोखरीमा जुन महिनामा थोरै पानीमा बारम्बार जाल फ्याँकेर हानिकारक माछा वा किरा आदि निकालिदिनु पर्छ। यदि पोखरीमा भैंसी आदिले पानी खाँदैनन्, भने यस्ता माछा मार्नका लागि २००० देखि २५०० किलोग्राम प्रति हेक्टमिटरका दरमा पिनाको प्रयोग गर्नु पर्छ। कोदाको पिनाको प्रयोगबाट पानीमा रहेका हानिकारक जीवहरू मर्दछन्, तथा माछाहरू पनि प्रभावित भएर मर्नुभन्दा पहिलै माथि निस्कन्छन्।

यदि यस समयमा यी माछालाई निकालियो भने खाने तथा बेच्ने लायक नै रहन्छन्। कोदाको पिना प्रयोग गर्दा के ख्याल गर्नु पर्छ भने यसको प्रयोग गरे पछाडि पोखरीको २ देखि ३ सातासम्म निथार्नुका लागि प्रयोगमा ल्याउनु हुँदैन। कोदाको पिना हालेको ३ साता पछाडि तथा मौसम अनुसारका पोखरीमा पानी भरिनुभन्दा पहिले २५० देखि ३०० किलोग्राम प्रति हेक्टरका दरले चुन हालिन्छ र यसले पानीमा रहेका किराहरू मार्दछ। चुनले पानीको जी.एच.लाई नियन्त्रण गरेर क्षयकारक तत्त्व बढाउँदै मलतत्त्व बृद्धि गर्दछ तथा पानी स्वच्छ राख्नेछ। चुन हाले पछाडि एक साताको अन्तरालमा पोखरीमा १०००० किलोग्राम प्रति हेक्टर प्रति वर्षको दरले गोबरको मल हाल्नु पर्दछ। जुन पोखरीमा खेतको अथवा बगुवा पानी वर्षामास बगेर पस्तछ, त्यहाँ गोबर मलको मात्रा घटाउनु सकिन्छ, किनभने यस प्रकारको पानीमा मल धेरै मात्रामा उपलब्ध रहेको हुन्छ। पोखरीमा पानी आउने जाने बाटोमा जाली लगाउने व्यवस्था पनि पहिलै गर्नु पर्दछ।

पोखरीमा माछाको बिज( पोना) हाल्ने अगाडि त्यस पोखरीमा प्रर्याप्त मात्रामा माछाको प्राकृतिक आहार (प्लैंकटान) छ कि छैन यस कुराको जाँच गर्नु पर्दछ। पोखरीमा प्राकृतिक आहारको मात्रा बढाउनुका लागि गोबरको मलसँगै सुपरफास्फेट ३०० किलोग्राम तथा युरिया १८० किलोग्राम प्रति हेक्टर प्रति वर्षको दरले हाल्नु आवश्यक छ। अतः एक साल भरिका लागि निर्धारित मात्रा (गोबरको मलसँगै सुपरफास्फेट ३०० किलोग्राम तथा युरिया १८० किलोग्राम) को दश मासिक किस्तामा बराबर हालिरहनु पर्छ। यस प्रकार प्रत्येक महिना १००० किलो गोबर मल, ३० किलो सुपरफस्फेट तथा १८ प्रयोग पोखरीमा गर्दा धेरै मात्रामा प्राकृतिक आहारको उत्पत्ति हुन्छ।

### मत्स्य बिज सञ्चयन

सामान्यतः पोखरीमा १०००० फ्राई अथवा ५००० फिङ्गर लिङ्ग प्रति हेक्टरको दरले जम्मा गर्नु पर्दछ। योभन्दा कम मात्रामा जम्मा गर्दा पानीमा उपलब्ध भोजनको पूर्ण प्रयोग भएको हुँदैन तथा अधिक जम्माबाट पनि सबै माछालाई पर्याप्त भोजन उपलब्ध भएको हुँदैन। पोखरीमा उपलब्ध भोजनको भरपुर उपयोगका लागि कतला माछो सतह ठाउँमा, रहु माछो माझमा तथा म्रिगल (मिर्का) माछो पोखरीको तल उपलब्ध भोजन ग्रहण गर्छन। यस प्रकार यी तीनै प्रजातीका माछाको बिज जम्मा गरेबाट पोखरीको पानीको स्तरमा उपलब्ध भोजनको पर्याप्त रूपमा उपयोग हुन्छ तथा यसबाट अधिकाधिक पैदा गर्न सकिन्छ।

पालन गर्ने योग्य देशी प्रमुख डुलुवा माछा (कतला, रहु, म्रिगल वा मिर्का) बाहेक अन्य केही विदेशी प्रजातिका माछाहरू (ग्रास कार्प, सिल्वर कार्प, कमन कार्प) पनि हिजोआज धेरै रूपमा सञ्चय गर्न थालिएको छ। अतः देशी वा विदेशी प्रजातिका माछाहरूको बिज मिश्रित माछापालन अर्न् तगत जम्मा गर्न सकिन्छ। विदेशी प्रजातिका यी माछाहरू देशी प्रमुख डुलुवा माछासँग कुनै प्रतियोगिता गर्न सक्तैनन्। सिल्वर कार्प माछा कतला माछाको समान पानीको माथिल्लो सतहबाट ग्रास कार्प रहुको जस्तै स्तम्भबाट तथा कमन कार्प मृगल (मिर्का) को जस्तै पोखरीको तलबाट भोजन ग्रहन गर्दछ। यस प्रकार यी सबै ३ प्रकारको प्रजातिका माछाको बिउ जम्मा भए पछि कतला, सिल्वरकार्प, रोहु, ग्रासकार्प, म्रिगल तथा कामन कार्प माछाहरूलाई २०:२० : १५:१५: १५:१५ को अनुपातमा जम्मा गर्नु पर्छ। सामान्य रूपमा माछाको बिउलाई पोलिथिनको पुलिङ्दा (पेकेट) मा पानी हालेर तथा अक्सिजन हावा हालेर पोको पारिन्छ। पोखरीमा माछाको बिउ हाल्नुभन्दा पहिलै उक्त पोकाहरूलाई थोरै समयका लागि पोखरीको पानीमा हाल्नु पर्दछ। त्यसपछि पोखरीको थोरै पानी ती पोकाहरूको भित्र प्रवेश गरेपछि समतापन (एक्लिमेटाइजेद् गान) का लागि वातावरण सिर्जना गराउनु पर्दछ र तब पोकाहरूबाट थोरै-थोरै रूपमा माछाको बिउ पोखरीको पानीमा निस्किन दिनु पर्छ। यसो गर्दा माछाको बिउलाई परवर्ती जीवित रहनुमा सहयोग मिल्दछ।

### माथिल्लो आहार

माछाको बिउ सञ्चयको पहिलेदेखि पोखरीमा माछाको भोजन कम भयो वा माछा बढ्न सकेनन् भने चामलको ढुटो (कनिका मिसिएको सफा चामल) एवम् तोरी अथवा बदामको पिना लगभग १८०० देखि २७०० किलोग्राम प्रति वर्ष प्रति हेक्टरका दरमा दिनु पर्छ।

यो प्रतिदिन एक निश्चित समयमा दिनु पर्छ कारण यसो गर्दा माछाले आहार ग्रहण गर्ने एउटा उचित समय हुन्छ र आहार व्यर्थमा नष्ट भएर पनि जाँदैन। अझ राम्रो हुन्छ यदि खाद्य पदार्थ बोरामा हालेर लट्ठीका सहायतामा पोखरीका कैयौं ठाउँमा बाँधेर बोराको ठाउँ-ठाउँमा प्वाल पारिदिनु पर्छ तथा बोराको धेरै जसो भाग पानीमा डुबिरहोस् र केही भाग पानीको माथि रहनु आवश्यक हुन्छ।

सामान्य परिस्थितिमा प्रचलित पुरानो तरिकाहरूद्वारा माछा पालन गर्दा जहाँ ५००-६०० किलो प्रति हेक्टर प्रति वर्षका दरले उत्पादन प्राप्त हुन्छ, त्यही आधुनिक वैज्ञानिक पद्धतिद्वारा माछा पालन गरेमा ३००० देखि ५००० किलो प्रति हेक्टर प्रति वर्षमा माछा उत्पादन गर्न सकिन्छ। अन्ध्रप्रदेशमा यसै पद्धतिद्वारा माछा पालन गरेर ७००० प्रति हेक्टर प्रति वर्षमा उत्पादन गरिरहेको छ।

माछा पालकहरूले प्रति महिना जाल हानेर सञ्चित माछाको बृद्धि निरिक्षण गर्नु पर्छ, जसबाट माछालाई दिइने परिपूरक आहारको मात्रा निर्धारण गर्नमा सजिलो हुन्छ तथा सञ्चित माछाहरूको बृद्धि दर थाहा लाग्न सक्छ। यदि कुनै माछामा बिमार देखियो भने तुरन्त उपचार गराउनु पर्छ।

स्रोतः पोर्टल सामग्री टोली।


## जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं ।
- न्यानो कपडा लगाऔं । घाम वा आगो तापौं। तेल मालिस गरौं ।
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं ।
- ताजा र पौष्टिक खानेकुरा खाऔं ।
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मध्यपान नगरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीहरुसँग परामर्श लिऔं।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

## कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान न.पा.-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।


## माघ महिनामा गरीने कृषि कर्मबारे जानीराखौं ।

- वर्षे आलु लगाई सक्ने बेला भयो ।
- पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने ।
- हिउँदे फलफूलको बिरुवा लगाउने । फलफूलको काँटछाँट गरी मल दिई सिंचाई गर्ने र फेदमा मल्चीङ गर्ने ।
- माटो परिक्षणको लागी प्रयोगशाला वा माटो शिविरमा पठाउने ।
- मकैबाली लगाउनको लागि जमिन खन जोत गरी कम्पोष्ट मल मिलाई जग्गा तयार गर्ने ।
- कन्ये च्याउन खेती सुरु गर्ने ।

# स्वास्थ्य मापदण्डसहित विद्यालय खुल्दै

सरकारले कोभिड-१९ को संक्रमणमा कमी आउन थालेपछि विश्वविद्यालय, विद्यालय, ट्यूसन सेन्टर सबै विद्यालय अगामी फागुण १ गतेदेखि खोल्दै छ। विद्यालयको हकमा चाहिँ १२ वर्ष पूरा भएको बालबालिकाको नियमित कक्षा सञ्चालन गर्ने तर १२ वर्षभन्दा कम उमेरका विद्यार्थीको हकमा खोप नलगाएकाले आलोपालो दिनमा कक्षा सञ्चालन गर्न जिल्लाको कोभिड-१९ संकट व्यवस्थापन केन्द्रले जोखिमको अवस्था हेरेर स्मार्ट लकडाउनसम्बन्धी कार्यविधिअनुसार आवश्यक निर्णय गर्न सिफारिस गरेको छ।

वैशाख ९ गतेदेखि एसईईको परीक्षा तालिका पनि प्रकाशित गरेको छ। वैशाख ३० गते देशभरका ७ सय ५३ स्थानीय तहको एकैपटक निर्वाचन सम्पन्न गर्ने घोषणा भएको छ। सीसीएमसीसीले विद्यालयमा भौतिक उपस्थितिमा हुने पठनपाठनमा माघ १५ सम्म लगाइएको रोक कोभिड संक्रमणको जोखिम कम नभएकाले माघ महिनाभर कायम गरेको थियो।

अनलाइन तथा वैकल्पिक विधि प्रभावकारी नभएको, सिकाइमा ठूलो क्षति भएको भन्दै विद्यालय सञ्चालकको संघसंगठन, अभिभावक, नगरशिक्षा समितिले जनस्वास्थ्यका मापदण्ड विद्यालयले गर्नुपर्नेगरी संघीय शिक्षा मन्त्रालय र नगरपालिकाले खोल्न दिनुपर्ने बताउँदै ज्ञापनपत्र र दबाब धेरै दिएका थिए। शिक्षा स्थानीय तहको जिम्मेवारीमा रहेकाले निर्णय गर्ने अधिकार पालिकासँगै रहनुपर्ने लबिङ पनि त्यत्तिकै छ। वीरगन्ज तथा गोकर्णेश्वरलगायतका मेयरले कि विकल्प दिनुपर्‍यो, सधैं कोठाभित्र थुनेर राख्न सकिँदैन भन्दै प्रशासन कार्यालयले रोक लगाए पनि नमान्ने बताउँदै गरेका थिए।

चिन्ता र चासो जनशक्ति कमजोर निस्कने

लामो समय कोरोना महामारीका कारण शिक्षणसंस्था बन्द भएपछि शिक्षाक्षेत्र डामाडोल बनेको छ। अन्योलताबीच कतिपय बीचमै परीक्षा सञ्चालन भएका छैनन्। तालिका निस्के पनि स्थगित भइरहँदा विद्यार्थी निराश भए। खोजमा संलग्न बालबालिकामध्ये सामुदायिक ७० र निजीका ५१ गरी कुल ६८ प्रतिशतले पाठ्यपुस्तक स्वअध्ययन गरेर सिकाइलाई निरन्तता दिएको बताए।

विद्यार्थीमध्ये निजीका ४३ र सामुदायिकका १८ गरी कुल २७ प्रतिशत मात्र अनलाइन कक्षामा बस्ने गरेको, त्यसैगरी टेलिभिजनबाट २ र रेडियोमार्फत् १ प्रतिशत विद्यार्थीले मात्र पढाइअघि बढाएको देखिएको छ। वैकल्पिक सिकाइमा शिक्षकले सहयोग नगरेको तथा सामुदायिकका ५९ र निजीका ३६ प्रतिशत गरी कुल ५० प्रतिशत बढीले सातामा एकपटक पनि सम्पर्क नगरेका अभिभावकको गुनासो छ।

अभिभावकमध्ये ९० प्रतिशतले विद्यालय जान नपाउँदा सिकेका पनि बिर्सँदै गएको दुःखेसो थियो। शैक्षिक सत्रमा हेरफेर भए पनि २० प्रतिशत बढीले आफू पास भए नभएको जानकारीसमेत नपाएको बताएका थिए। विगत दुई वर्षयता कक्षा पूरा नभई परीक्षा सञ्चालन गरी कक्षा वृद्धि गरिएको छ, एसईईको परीक्षासमेत आन्तरिक मूल्यांकनको आधारमा प्रकाशित भए। केन्द्रीकृत प्रणाली, कमजोर विद्यार्थीलाई मनोमानी अंक दिँदा शैक्षिक जनशक्ति कमजोर निस्कनेछन् र शिक्षा क्षेत्र धराशायी हुनेछ। जसले विद्यार्थीको मात्र नभई देशकै भविष्यमा दीर्घकालीन असर पर्न सक्ने शिक्षाविद् बताउँछन्।

### स्क्रिन डिसअर्डरका बिरामी बढे

लामो समयसम्म एउटै कामलाई निरन्तरता दिएमा त्यसले बानीको रूप ग्रहण गर्छ। कुलतलाई खराब किसिमको बानी भनेर चिनिन्छ। लामो समय बिताउने, एकैछिन इन्टरनेटबाट टाढा हुँदा केके न छुटेजस्तो महसुस, छटपटी, अरू काममा जाँगर नचल्ने, आफ्ना दैनिक गतिविधिमा समेत प्रभावकारिता कम हुँदै जाने जटिलमा आत्तिने, धेरै कुरा गुमाएजस्तो, शारीरिक दुखाइ, आक्रामक व्यवहार, उदासीनता, अवस्था इन्टरनेट वा स्क्रिन डिसअर्डर हो। प्रवृत्ति बढ्दै गए व्यक्ति नियमित काम गर्न असमर्थ हुन थाल्छ। लतका कारण व्यक्ति पारिवारिक साथीभाइको सम्बन्धलाई परित्याग गरी समाज र परिवारमा समायोजन हुन कठिनाइ महसुस गर्छ।

केहीमा मानसिकका साथै शारीरीक लक्षण हात, नाडी, शरीरका नसा दुख्ने, आँखा सुक्खा, दृष्टि तिरमिराउने, घाँटी र टाउकाको पछाडि भाग घिच्रो गर्धन दुख्ने, मस्तसँग सुत्न नसक्ने र वजन अत्यधिक बढ्ने वा घट्ने सम्भावना हुन्छ। साइबर बुलिङ, नग्न तथा हिंस्रक कार्यक्रम, चलचित्र, यौनदुर्व्यवहार पनि त्यत्तिकै बढाउँछ।

तर, खुलाउँदा पनि स्वास्थ्य मापदण्ड पालना न्यून हुँदा साना कक्षाका बालबालिकाले त झनै मास्क साटासाट गर्ने तथा एउटै बोतलबाट पानी पिउने गरेको देखिएको छ। शिक्षा मन्त्रालयको विद्यालय पुनः सञ्चालन कार्यढाँचा २०७७ मा भएको अनिवार्य मापदण्डमा मास्क अनिवार्य ८५ प्रतिशत, सेनिटाइजर तथा हात धुने व्यवस्था ६३, भौतिक दूरी ३९ प्रतिशत, सिफ्टमा पढाउने १०, ज्वरो मापन ७, सुरक्षित शौचालय ५ र मेडिकल रुमको व्यवस्था भएको १ प्रतिशतमा मात्र फेला परेको थियो। युनिसेफले सातवटै प्रदेशका सामुदायिक र निजी विद्यालयका करिब साढे ६ हजार अभिभावकमा गरेका अध्ययनको निष्कर्षमा दोस्रो लकडाउनअघि, लकडाउन अवधिमा र त्यसपछि पनि विद्यालय स्वास्थ्य मापदण्ड पालना नभएको र नहुने पनि भनेको छ। धेरै अभिभावकले विद्यालयमा स्वास्थ्य मापदण्ड पूर्णरूपमा पालना नभएको गुनासो थियो।

अधिकांश ८९ प्रतिशतले विद्यालय पठाउन चाहेका छन् तर कोरोनाको डर छ। त्यस्तै, अध्ययनले अनलाइनलगायतका वैकल्पिक माध्यमको पठनपाठन प्रभावकारी नभएको पनि निष्कर्ष निकालेको छ। युनिसेफ नेपालले सेयरकास्ट इनिसियटिभसँगको सहकार्यमा झन्डै ६ हजार बढीको फ्यामिली एन्ड चाइल्ड ट्र्याकर सर्वेक्षणले २५ प्रतिशत विद्यार्थीले मात्रै कक्षाकोठामा शारीरिक दूरी अभ्यास गर्ने गरेको देखाएको छ। सन् २०२१ मेसम्म ७१ प्रतिशतले खोप लिएको र ८४ प्रतिशतले चाडपर्व र त्यसयताका समयमा नियमित मास्क लगाउने गरेको देखाएको।

### स्मार्ट लकडाउनमा विद्यालय सञ्चालन

कार्ययोजनामा रातो क्षेत्रमा प्रधानाध्यापकसहित केही शिक्षक आलोपालो विद्यालय आउने र विद्यार्थीलाई वैकल्पिक माध्यमबाट पठनपाठन गराउने, गाढा पहेंलो एम्बरमा ५० प्रतिशत शिक्षक विद्यालयमा उपस्थिति भएर विद्यार्थीलाई समूहअनुसार सिकाइ सहजीकरण गर्ने, हल्का पहेंलो क्षेत्रमा शिक्षक विद्यालयमा उपस्थित भई विद्यार्थीलाई ससानो समूह बनाएर मात्रै सिकाइ सहजीकरण र हरियो क्षेत्रमा विद्यालय पुनः सञ्चालन कार्यढाँचाअनुसार भौतिक उपस्थितिमा नै पठनपाठन सञ्चालन गर्न सकिनेछ।

संक्रमणको जोखिम नरहेका वा कम रहेको स्थानमा आलोपालो सिफ्ट वा अन्य विधि प्रयोग गर्न सकिन्छ। जिल्ला प्रशासन कार्यालयको समन्वयमा स्थानीय तहले विद्यालय सञ्चालन गर्न सक्नेछ। स्मार्ट लकडाउनको अवधारणामा कोरोना संक्रमणको क्षेत्र वर्गीकरण गरेर कम जोखिमका स्थानमा विद्यालय खोल्न शिक्षा मन्त्रालयको कार्ययोजना सीसीएमसीमा जानकारी दिनुपर्ने व्यवस्था छ।

### सुरक्षित रहन र राख्न

संक्रमणबाट सुरक्षित बनाउन कक्षा कोठामा मात्र नभई स्कुलबस, लबी, क्यान्टिन, हलमा भिडभाड कम गर्ने र सरसफाइमा विशेष ध्यान दिन आवश्यक छ। नर्सको व्यवस्था, दैनिक स्वास्थ्यजाँच, घर फर्किसकेपछि पनि अभिभावकद्वारा स्वास्थ्य परीक्षण र अवलोकन, हाइजेनिक खाना, रोग प्रतिरोधी क्षमता विकास र अन्य संक्रमणबाट बचाउन सक्ने पोसिलो खानामा विद्यालय तथा अभिभावकले विशेष ध्यान दिनुपर्छ। बारम्बार छोइने रेलिङ, ढोका, खेलकुद सामग्री, पाठयसामग्री, कक्षाकोठा, बस, क्यान्टिन लगातार सफा गर्नपर्छ। विद्यार्थी, शिक्षक र कर्मचारी स्वास्थ्यजाँचपछि मात्र विद्यालय प्रवेश गराउनुपर्छ।

विद्यालय भौतिक रूपमा पठनपाठन गर्नेगरी खुल्दै गर्दा स्वास्थ्य सुरक्षा मापदण्ड विगतमा कागजी बनेका छन्। तर, अब व्यवहारमै लागू गर्न गराउनुपर्छ। अनावश्यक भिजिटर नल्याउन, कोठाभित्रभन्दा बाहिर चौरमा वा खुला ठाउँमा कक्षा सञ्चालन गर्नुपर्छ। कक्षाकोठा र फर्निचरको व्यवस्थापनसँगै प्रवेशद्वारमा सेनिटाइज र ज्वरो नाप्ने, बसमा भौतिक दूरी, सिफ्ट वा आलोपालोमा पढाउने गर्न सकिन्छ। अनिवार्य मास्क, एक बेन्चमा दुई जना र कोठामा आधा, पकेट सेनिटाइजर



डा. प्रकाश बुढाथोकी

बोक्ने, खाजा र पानीको आफैंले व्यवस्था गर्ने नभए क्यान्टिन र क्याफ्टेरियाको स्वस्थता, ब्रेक नगर्नेजस्ता मापदण्डमा ध्यानै नदिँदा शैक्षिकसंस्था कोरोनाको हब हुन सक्छन्, त्यसमा सबै संवेदनशील बन्न जरुरी छ। अन्तमा, बालबालिकाको सिकाइलाई निरन्तरता दिन विद्यालय, स्थानीय तहअनुसार सकारात्मक तथा सबल पक्षको खोजी गर्दै मापदण्डसहित पठनपाठन सञ्चालन गर्न सकिन्छ। तथापि, जनस्वास्थ्यका मापदण्ड व्यवहारतः लागू गर्न, गराउन र अपनाउन नसक्ने हो भने भौतिक उपस्थितिको कक्षा सञ्चालन बन्द गर्नेपर्छ र वैकल्पिक उपाय अपनाउनुपर्छ भन्नेमा सबै सहमत हुनैपर्छ।

राजधानी दैनिकबाट।


**सुनौलो अवसर ! सुनौलो अवसर !! सुनौलो अवसर !!!**

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजना तथा सुनौलो परिवार नेपालको सहयोगमा मिति २०७८/११/०३ गतेदेखि प्यूठान जिल्लाका तपसिलमा उल्लेखित मिति र स्थानमा परिवार नियोजन स्थायी बन्ध्याकरण महिलाहरूको लागि मिनिल्याप र पुरुषहरूका लागि भ्याक्सेटोमी गर्न शिविर राखिएको हुँदा सन्तानको रहर पुगेको इच्छुक दम्पतीहरूले आफूलाई पायक पर्ने स्थानमा गई सेवा लिनहुन अनरोध छ।

**तपसिल**

| शिविर सञ्चालन मिति | शिविर सञ्चालन हुने स्थान | सेवा क्षेत्र |
|---|---|---|
| २०७८/११/०३ | बड्डाँडा आधारभुत स्वास्थ्य सेवा केन्द्र | सरुमारानी गाउँपलिका |
| २०७८/११/०४ | देविस्थान स्वास्थ्य चौकी | माण्डवी गाउँपलिका र स्वर्गद्वारी नगरपासिलका |
| २०७८/११/०६ | बाहाने सामुदायिक स्वास्थ्य इकाई | नौबहिनी गाउँपलिका |
| २०७८/११/०८ | पुँजा स्वास्थ्य चौकी | गौमुखी गाउँपलिका |
| २०७८/११/०९ | ओखरकोट स्वास्थ्य चौकी | झिमरुक गाउँपलिका |
| २०७८/११/११ | धुवाङ स्वास्थ्य चौकी | ऐरावती गाउँपलिका |
| २०७८/११/१३ | सापडाँडा स्वास्थ्य चौकी | प्यूठान नगरपालिका र मल्लरानी गाउँपलिका |

नोटः बिस्तृत जानकारीका लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला। महिलाले स्थायी बन्ध्याकरणका लागि खालीपेट आउनुपर्नेछ।

अनुरोधक : स्वास्थ्य कार्यालय, प्यूठान

तपाइको घर तथा अफिस अफिसको साथी .......

**हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स**

**प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)**



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

मो.नं.: ९८५७८३३४५५

**पृथ्वी एग्रोभेट सेन्टर**

प्यूठान न.पा.-८, बाग्दुला प्यूठान



हामिकहाँ विभिन्न प्रकारका बिउबिजन, विषादी, कम्बाईन मिल, मिनिटिलर, थ्रेसर, रोटामेटर, लगायत कृषि सम्बन्धी सम्पूर्ण सामग्री उपलब्ध छ।

तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

**राज डेकोर होम**

9857821586



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ**

## स्वास्थ्य मापदण्डको पालना गरौं ।

स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पस लगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल विवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल विवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**मल्लरानी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, खलंगा प्यूठान

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान